# सूचनाको हक सम्बन्धी ऐन, २०६४, को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## सूचना सार्वजनिक गर्ने निकायको नामः– सूचना र मानवअधिकार अनुसन्धान केन्द्र
**Information and Human Rights Research Center**
**(IHRC) नेपालगन्ज, बाँके**

## सूचना सार्वजनिक गरेको अवधि :– २०७८ बैशाखदेखि असारसम्म । (तीन महिना)

### (१) निकायको स्वरुप र प्रकृति ।

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जले सूचनाको हक, सुशासन र मानव अधिकार र शान्तीका क्षेत्रमा काम गर्ने एक गैह्र सरकारी संस्था हो । सुचना तथा सञ्चार, मानव अधिकार, कानुन, समाजसेवा, अधिकारको क्षेत्रमा विशेष योगदान दिएका व्यक्तिहरुको समुह मिलेर यो संस्था निमार्ण गरिएको हो । यस संस्थाले स्थापनाकालदेखि नागरिकको सूचनाको हक प्रत्याभुत गराउन प्रतिवद्ध भइ विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्दै आएको छ । स्थानीय तहमा रहेको विभिन्न सार्वजनिक निकायमा सर्बसाधारणको पहुँच अभिबृद्धि, सहभागीता र सुशासन कायम गर्नमा विशेष भूमिका निर्वाह गर्दै राज्यलाई सहयोग पुर्‍याउनमा मद्दत गरेको छ भने समुदायलाई आफना हक अधिकारका बारेमा जागरुक बनाउनमा सहयोग पुरयाउने कार्य गर्दै आएको छ । बिशेष गरि मानव अधिकार, विभिन्न मौलिक अधिकार, सूचनाबाट बञ्चित रहेका नागरिकहरुको अधिकार सुनिश्चित गर्ने, वकालत गर्ने र विभिन्न सार्बजनिक निकायमा पहुच अभिवृद्धि गर्नमा विशेष भुमिका निर्वाह गर्दै आएको छ । हाल सम्म संस्थाले नागरिकहरुलाई सूचानाको हक वारेमा सचेतना अभिवृध्दि गर्नुका साथै सरोकारवाला निकायहरुको जवाफदेहिता, पारदर्शिता र सूचनाको हक प्रवाह गर्ने विषयमा उपलव्धीमुलक कार्यहरु गरेको छ ।

### (२) निकायको काम, कर्तव्य र अधिकार ।

संस्थाले सुशासन, पारदर्शिता, जवाफदेहिता, सम्मान, भेदभावरहित, गुणस्तरियता र विधिको शासनको पालना गरि मुख्य रुपमा काम गर्दै आएको छ । यसका साथै पैरवी, क्षमता अभिवृध्दि, जनचेतना अभिवृद्धि, गठवन्धन, संजालीकरण गर्ने, अध्ययन, अनुसंधान तथा प्रकाशन र स्थानीय श्रोत साधनको परिचालन गर्ने संस्थाको काम कर्तव्य र अधिकार अर्न्तगत पर्दछ ।

### (३) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण ।

| क्रं सं. | नाम | पद | कार्य विवरण |
|---|---|---|---|
| १ | राकेशकुमार मिश्र | कार्यकारी निर्देशक | संस्थाले प्रदान गरेको सबै कार्यहरु प्रमुखको जिम्मेवारीमा कार्य गर्ने । |
| २ | टेकनाथ आचार्य | कार्यक्रम संयोजक | संस्थाले प्रदान गरेको कार्य र परियोजना अनुरुप तोकिएको सबै कार्य गर्ने । |
| ३ | प्रतापसिंह थारु | जिल्ला जवाफदेही अधिकृत | " " " |
| ४ | लक्ष्मी ज्ञवाली | कार्यक्रम संयोजक | " " " |
| ५ | रिता दिवान | प्रशासन तथा लेखा सहायक | " " " |
| ६ | सिमा हमाल | कार्यालय सहायक | " " " |

### (४) निकायबाट प्रदान गरिने सेवा ।

- सूचनाको हक, मानव अधिकार, सामाजिक सदभाव तथा शान्ति सम्वन्धी परामर्श, प्रदान गरि पैरवी, तालिम, छलफल सञ्चालन गर्ने ।
- सार्वजनिक सरोरकारका सवालहरु पहिचान गर्ने । उत्पन्न समस्या समाधान तथा सरोकारवाला निकायलाई कार्यन्वयन गर्न दबाब दिन उच्च अदालतमा मुद्दा (PIL) गर्ने ।
- नागरिकसंग सरोकारका विषयहरुमा सरोकारवाला निकायको ध्यानाकर्षण गराउनका लागि ध्यानाकर्षण पत्र, ज्ञापनपत्र, दबाब, छलफल गर्ने । त्यसको कार्यको संस्थाले नेतृत्व दायी भुमिका निर्वाह गर्ने ।
- विभिन्न सरोकारवाला निकायहरुसंग सूचनाको हक प्रयोग गरि सुशासन कायम गराउन पहल गर्ने ।
- सेवाग्राही र सेवा प्रदायक निकायहरुलाई सूचनाको हक बारे सचेतना गराई ऐन कार्यन्वयनमा सहयोग पुरयाउने ।

- अनुगमन, अनुसन्धान गरि प्रतिवेदन तयार गर्ने ।
- सार्वजनिक सरोकारको विषयमा सामाजिक अभियान सञ्चालन गर्ने ।
- विभिन्न अभियान सञ्चालन गरि अभियन्ता तयार गर्नमा सहयोग गर्ने ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी ।**

| **शाखा** | **जिम्मेवार अधिकारी** |
|---|---|
| संस्थागत विकास र कानून (कार्यकारणी कार्यसमिति) | विश्वजित तिवारी |
| प्रशासन तथा लेखा | रिता दिवान |
| कार्यक्रम | टेकनाथ आचार्य |
| सूचना तथा सञ्चार | राकेशकुमार मिश्र |
| सूचनाको हक | शैलेन्द्रकुमार बैश्य |
| मानवअधिकार | कृष्णमुरारी प्रसाद भटट |
| महिला बालबालिका तथा युवा | लक्ष्मी ज्ञवाली |
| सुशासन नागरिक समाज | टेकनाथ आचार्य |

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ।**

संस्थाद्धारा प्रदान गरिने सबै सेवाहरु निशुल्क रुपमा तत्काल उपलब्ध गराईनेछ ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारी ।**

संस्थाको कार्यसमिति, समिति तथा बरिष्ठ कर्मचारीद्धारा संस्थाको हित तथा परियोजना अनुसारका निर्णयहरु गर्न सकिनेछ ।

**(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी ।**

राकेश कुमार मिश्र

**(९) सम्पादन गरेको कामको विवरण ।**

संस्थाले तोकिए अनुसारको कार्यहरु भएका छन ।

**(१०) सूचना अधिकारी र प्रमुखको नाम र पद ।**

| **नाम** | **पद** | **जिम्मेवारी** |
|---|---|---|
| विश्वजित तिवारी | अध्यक्ष | प्रमुख |
| राकेशकुमार मिश्र | कार्यकारी निर्देशक | सूचना अधिकारी/गुनासो सुन्ने अधिकारी |

**(११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ।**

- ५ वर्षे रणनितिक योजना । (२०७४-२०७८)
- आर्थिक तथा प्रशासनिक नियमावली २०७३ (दोस्रो संशोधन २०७७)
- कर्मचारी नियमावली २०७४ (पहिलो संशोधन २०७७)
- लैगिंक तथा सामाजिक समावेशीकरण निति (GESI) २०७५ ।
- द्धन्द्ध व्यवस्थापन निति २०७५ ।
- सञ्चार निर्देशिका २०७५ ।
- आपतकालिन कार्यसञ्चालन निर्देशिका २०७६।
- आन्तरिक स्वमुल्याकन तथा न्युनतम मापदण्ड निर्देशिका २०७६ ।
- अनुगमन तथा मुल्याक निर्देशिका २०७४
- स्रोत व्यवस्थापन तथा परिचालन निर्देशिका २०७४

**(१२) आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण ।**

## Income and Expenditure Statement

## For the Period of April, May June 2021

| SN | Month | Particulars | Expeses | Income | Balance | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | April 1, 2021 | Opening Balance | | 26,998.33 | 26,998.33 | |
| 2 | April 18, 2021 | Fund received from FHI360 for the month of April and May 2021 | | 1,290,462.48 | 1,317,460.81 | |
| 3 | April 30, 2021 | Total expeses of April 2021 | 257,000.20 | | 1,060,460.61 | |
| 4 | May 30, 2021 | total expeses of May 2021 | 315,804.89 | | 744,655.72 | |
| 5 | | Fund received from FHI360 for the month of June 2021 | | 552,163.09 | 1,296,818.81 | |
| 6 | June 30, 2021 | total expeses of June 2021 | 378,073.18 | | 918,745.63 | |
| **7** | | **Total Income and expenditure** | **950,878.27** | **1,869,623.90** | **918,745.63** | |
| | | | | | | |
| | | **Nepalgunj Sub-Metropolitan Ward No. 5** | | | | |
| 1 | June 20, 2021 | Fund received from Nepalgunj Ward No. 05 the month of June 2021 | | 87,275.00 | | |
| 2 | June 20, 2021 | Total Expeses of Program COVID-19 Awerness | 87,275.00 | | | |
| 3 | June 20, 2021 | Contribute of IHRC | 13,862.90 | | | |
| | | **Nepalgunj Sup-Metropolitan Ward No. 10** | | | | |
| 4 | July 11,2021 | Fund received from Nepalgunj Ward No. 10 the month of July 2021 | | 48,850.00 | | |
| 5 | July 11,2021 | Total Expeses of Program COVID-19 Awerness | 48,850.00 | | | |
| 6 | July 11,2021 | Contribute of IHRC | 8,162.59 | | | |
| | | **Total Income and expenditure** | 158,150.49 | 136,125.00 | (22,025.49) | This amount (Rs 22,025.49) paid from IHRC) |

**(१३) तोकिए बमोजिमका अन्य विवरण ।**

ख) सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ मा “सार्वजनिक निकायले ऐनको दफा ५ को उपदफा (३) मा लेखिएको अतिरिक्त देहायका सूचना समेत सूचीकृत गरी प्रकाशन गर्नु पर्ने” व्यबस्था गरेको छ :–

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।**

| कार्यक्रम | सहयोग | बजेट |
|---|---|---|
| पारस्परिक जवाफदेहिता परियोजना | USAID/FHI360 | ६४ लाख |
| दोस्रो नरैनापुर दौड | नरैनापुर गाउँपालिका | ३ लाख ५० हजार |
| सुशासन तथा कोरोना सचेतना कार्यक्रम | नेपालगन्ज ५ नं. वडा कार्यालय | १ लाख |
| महिला शसक्तिकरण | नेपालगन्ज ११ नं. वडा कार्यालय | १ लाख |
| सूचनाको हक सम्बन्धी अनुशिक्षण | नेपालगन्ज १० नं. वडा कार्यालय | ५० हजार |
| सुशासन र मानवअधिकार | नेपालगन्ज ७ नं. वडा कार्यालय | १ लाख |
| तालिम | जानकी गाउपालिका | २ लाख ५० हजार |

**(१५) सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण ।**

www.ihrcnepal.com

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण ।**

| दातृ निकाय | परियोजना | रकम | अवधी |
|---|---|---|---|
| USAID/ FHI360 CS:MAP | पारसपारिक जवाफदेहिता परियोजना | ३५ लाख | १ अप्रेल २०२१ देखि अक्टुबर २०२१ सम्म |
| १० नं वडा कार्यालय नेपालगन्ज उपमहानगरपालिका | अभिभावक शिक्षा | ५०,०००/- | २०७७ फागुनदेखि २०७८ असारसम्म |
| ५ नं वडा कार्यालय नेपालगन्ज उपमहानगरपालिका | कोभिड विरुद्ध सचेतनामुलक अभियान | ९०,०००/- | २०७७ फागुनदेखि २०७८ असारसम्म |
| | | | |

**(१७) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन ।**

# सूचना र मानवअधिकार अनुसन्धान केन्द्र

## Information and Human Right Research Center (IHRC)

**आठौ वार्षिक साधारण सभा**

**वार्षिक प्रगती प्रतिवेदन**

२०७७ फागुन ९ गते । तद्नुसार २१,फेब्रुअरी २०२१

सर्व प्रथम सबैलाई मेरो तर्फबाट नमस्कार छ । यस आठौ बार्षिक साधारण सभाका सभापति ज्यू, प्रमुख अतिथि ज्यू, अन्य अतिथि ज्यूहरु, यस संस्थाका पदाधिकारी तथा सदस्य, उपस्थित सम्पुर्ण साधारण सदस्य र संस्थाका कर्मचारी साथीहरुमा मेरो ब्यक्तिगत तथा संस्थाको तर्फबाट हार्दिक स्वागत गर्दछु । आजको यो शुभ अवसरमा बिगतका बर्ष झै संस्थाको आर्थिक वर्ष २०७६।२०७७ को बार्षिक प्रगति तथा सांगठनिक प्रतिबेदन प्रस्तुत गर्न यस सभाबाट अनुमति चाहन्छु र यस प्रतिवेदन यंहाहरुले यथा स्थानबाट सुनिदिनु हुनेछ भन्ने आशा पनि गरेकी छु ।

**पृष्ठभूमीः**

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र (IHRC) मुनाफारहित जनहितकारी गैरसरकारी सामाजिक संस्था हो । जिल्लामा रहेका कानूनविद, सञ्चारकर्मी र अधिकारकर्मीहरुको संयुक्त सहभागितामा अधिबक्ता विश्वजित तिवारीको नेतृत्वमा स्थापना भएको संस्था २०६९ साल फागुन ९ गते जिल्ला प्रशासन कार्यालय बाँकेमा दर्ता भई बैधानिकता पाएर क्रियाशील रहेको छ । संस्थाले सूचनाको हक, सुशासन, मानवअधिकार, कानून र सामाजिक सदभावका क्षेत्रमा पैरवी गरी सुमदायलाई सुसुचित गर्दै आएको छ । संस्थाले विगत ८ वर्षदेखि विशेष रुपमा सूचनाको हक, सुशासन, मानव अधिकार, कानून र शान्तिको क्षेत्रमा विशेष अभियानमुलक कार्यक्रम संचालन गर्दै आएको जानकारी गराउँदछु । संस्थाले राखेको अवधारणा तथा दृष्टिको, ध्येय, लक्ष्य र उद्धेश्य अनुरुप कार्य संचालन गर्न ७ जनाको कार्यसमिति, वर्षको एकपटक साधारण सभा, सामाजिक परिक्षण, नियमित कार्यसमितिको बैठक र प्रत्येक ३ वर्षमा कार्यसमितिको निर्वाचन हुने व्यवस्था संस्थामा रहेको छ । यो संगै संस्थामा सुशासन प्रबर्द्धनका लागि सूचनाको हक सम्वन्धी ऐनलाई समेत

कार्यन्वयन गरि प्रत्येक ३-३ महिनामा स्वतः सार्वजनिक गर्नुपर्ने सूचनाहरु नियमित रुपमा सार्वजनिक गर्दै आएको छ । हाल यस संस्थामा नबिकरण गर्ने साधारण सदस्यहरुको संख्या ४१ जनाको रहेको छ । संस्थामा जम्मा ५ जना कर्मचारीहरु बिभिन्न परियोजना अन्तरगत कार्यरत छन । संस्थाले नेपालको कर्णाली प्रदेश र लुम्बिनी प्रदेशमा अन्य सञ्जालसंगको सहकार्यमा संस्थाको कार्ययोजना सफल पार्न सहयोग गरिरहेको छ ।

**संस्थाको परिकल्पना** :

आत्म सम्मानसहितको गुणस्तरीय जीवन ।

**ध्येयः**

सूचनाको हक, सुशासन, मानवअधिकार, कानून र सामाजिक सदभावको अवस्थामा सुधार ल्याउने ध्येयका साथ संस्थाले प्रतिवद्ध भएर कार्य गर्नेछ ।

**मूल्य मान्यताः**

१ सुशासन, पारदर्शिता र जवाफदेहिता ।
२ सम्मान, भेदभावरहित समाज ।
३ गुणस्तरियता र विधिको शासन ।

**उद्देश्यः**

१ नागरिक हक, उपभोक्ता अधिकार तथा कर्तव्य, मानवअधिकार, वाल अधिकार, विकासको अधिकार, लैगिक समानताको संरक्षण र प्रर्वधन गर्ने ।
२ स्वास्थ्य, शिक्षा, सुशासन, कानून, सूचना, कृषि, बन तथा बाताबरण, भूमिमा आम नागरिकहरुको पहुंच तथा अधिकार अभिवृद्धि गर्ने ।
३ मधेशी, मुस्लिम, महिला, दलित, आदिवासी जनजाती, अपांगता भएका, विपन्न, वालवालिका, जेष्ठ नागरिक, विपदबाट प्रभावित र सिमान्तकृत समुदायको मानवअधिकार र समावेशी संयन्त्रको पहुंच वृद्धि गर्ने ।
४ नागरिकको सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, राजनीतिक अधिकारको वारेमा सुसुचित गर्ने ।
५ विभिन्न प्रकारका विभेद, असमानता, दुर्व्यवहार, अपमान, हेलालाई न्यूनिकरण गर्ने ।

**संस्थाद्धारा यस आर्थिक वर्ष ०७६।०७७ मा तपसिलका कार्यक्रम तथा परियोजनाहरु संचालनमा रहेका छन् ।**

सूचनाको हक, सुशासन, मानव अधिकार, कानून र सदभावका क्षेत्रमा नागरिकहरुलाई सुसूचित बनाउनका लागि संस्थाले विभिन्न उद्देश्य अनुसार कार्यक्रमहरु संचालन गरेको छ । बांके र बर्दिया लगायतका जिल्लाहरुमा यस संस्थाले कार्यक्रम तथा अभियानहरु संचालन गर्दै आएको छ । संस्थाले विभिन्न अभियानमुलक कार्यक्रमलाई बढी प्राथमिकतामा राखी परियोजनालाई प्रभावकारी रुपमा अगाडी बढाएको छ । संस्थाले जिल्लास्थित स्थानीय तह लगायत दातृ निकाय तथा सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गरि कार्यक्रम संचालन गर्दै आएको छ । अब म क्ष्ज्च्भ्ृ द्वारा **आर्थिक बर्ष २०७६/०७७ मा संचालित कार्यक्रमहरुको बारेमा प्रगति बिवरण** पेश गर्दछु ।

**आर्थिक वर्ष २०७६।०७७ मा संस्थागत अभियानमुलक कृयाकलापहरुः**

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **स्थान** |
|---|---|---|
| १ | सूचना माग (विभिन्न सार्वजनिक निकायहरुमा गरि जम्मा ५५ वटा) । | बाँके र बर्दिया |
| २ | सार्वजनिक सरोकारको विषयमा उच्च अदालत नेपालगन्ज इजलासमा ५ वटा PIL मुद्दा दायर गरिएको । | नेपालगन्ज |
| ३ | राष्ट्रिय सूचना अधिकार दिवस, अर्न्तराष्ट्रिय थाहा पाउने अधिकार दिवस, अर्न्तराष्ट्रिय मानव अधिकार दिवस, अर्न्तराष्ट्रिय सडक सुरक्षा दिवस, सडक सुरक्षा पिडित सम्झना दिवस, लैगिङ्ग हिंसाविरुद्धको १६ दिने अभियान, उपभोक्ता अधिकार दिवस, दिवसका अवसरम विभिन्न कार्यक्रम गरिएको छ । | बाँके र बर्दिया |
| ४ | नागरिक सामाजको भुमिकाका विषयमा छलफल | बाँके र बर्दिया |
| ५ | सरोकारवाला निकायसंग छलफल | |
| ६ | विभिन्न सार्वजनिक चासोको सवाललाई उठान गरि सम्वन्धित निकायमा ध्यानाकर्षण तथा ज्ञापन पत्र पेश गरिएको । | बाँके र बर्दिया । |

| | | |
|---|---|---|
| | (जस्तैः शितलहर चिसो, कोभिड १९ को व्यवस्थापन तथा निशुल्क औषधी उपचार, बाढी प्रकोप, नितिगत कानूनको कार्यन्वयन, अस्पतालको सेवा सुधार, नगरको सरसफाई सार्वजनिक शौचालय तथा व्यवस्थापन, स्थानीय तहको नगर तथा गाउँ सभामा योजना छनौट तथा नागरिक सहभागिता, डा गोविन्द केसीको जायज माग, सूचनाको हक सम्वन्धी ऐन कार्यन्वयन लगायतका सवाल) | |

**आथिर्क बर्ष २०७६/०७७ मा सम्पन्न भएका मुख्य क्रियाकलापहरु :**

| **क.सं.** | **क्रियाकलाप** | **मिति** | **स्थान** |
|---|---|---|---|
| ४ | पैरबी : विद्यालयमा सूचनाको हक कार्यन्वयन | २०७६ | बाँके |
| ५ | स्थानीय तह, प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालयमा सूचनाको हक कार्यन्वयनका लागि ज्ञापन पत्र पेश | २०७६ | बाँके बर्दिया र प्रदेश |
| ६ | सुशासन र सूचनाको हक सम्वन्धी अनुशिक्षण कार्यक्रम | आ. बा. ०७६।०७७ | बाँके र बर्दिया |
| ७ | अर्न्तराष्टि भ्रष्टाचार विरुद्ध दिवसको अवसरमा हस्ताक्षर संकलन अभियान | २०७६ भाद्र २३ | बाँके र बर्दिया |
| ८ | सुशासन निति, कृषि निती, सूचनाको हक कार्यन्वयनमा पैरवी गर्दै आएको । | २०७६ | बाँके बर्दिया |
| ९ | नागरिक संघ संस्थाहरुलाई नागरिक समाजको भुमिका बारे अभिमुखीकरण | २०७६ | बाँके बर्दिया |
| १० | सार्वजनिक सेवा प्रवाह मापनका लागि मापदण्डका बारेमा छलफल | २०७६ | बाँके बर्दिया |
| ११ | संस्थागत क्षमता विश्लेषण गरिएको | २०७६ | बाँके बर्दिया |
| १२ | सामाजिक परिक्षण गरिएको | २०७६ | संस्थाको |
| १३ | परियोजना अर्न्तगत पारस्परिक जावाफदेहिता र मानवअधिकार सुदृढिकरण कार्यक्रम अर्न्तगत बाँके र बर्दियामा विभिन्न क्रियाकलाप सम्पन्न भएका छन । (उक्त प्रगति संस्थाले प्रकाशन गरेको वार्षिक प्रतिबेदनमा समाबेश गरिएको छ) | २०७६ | बाँके र बर्दिया |

**संस्थागत विकासतर्फ**

- सबल संस्थाको रुपमा विकास भएको ।
- संस्थाको भाडामा व्यवस्थित कार्यालय रहेको छ ।
- संस्थामा दक्ष पदाधिकारी तथा कर्मचारी रहेका छन ।
- संस्थामा हालसम्म करिब डेढ दर्जन विभिन्न निति, नियम र निर्देशिकाहरु तयार भएका छन ।
- आधारभुत स्रोत साधनको व्यवस्था भएको ।
- संस्थागत क्षमता अभिबृद्धि ।
- सूचनाको हक, सुशासन, कानून र मानव अधिकारको क्षेत्रमा काम गर्न पहिचान बनाएको छ ।

**संस्थागत सुशासनको अभ्यास**

- नियमित संस्था नविकरण तथा लेखापरिक्षण
- आन्तारिक लेखापरिक्षण
- सामाजिक परिक्षण
- ३-३ महिनामा अद्यावधिक सूचना सार्वजनिकीकरण
- संस्थाको न्युनतम मापदण्डको कार्यन्वयन
- आन्तरिक व्यवस्थापन
- संस्थाले संचालन गर्ने विभिन्न गतिबिधीहरुलाई त्रैमासिक रुपमा सूचना बुलेटिनमार्फत पारदर्शी गर्दै आएको ।

## ७ आर्थिक वर्ष ०७७।०७८ को आगामी कार्ययोजना

**विषयगत क्षेत्र : (क) सूचनाको हक**

| क्र.स | क्रियाकलापको नाम | स्थान | कहिले गर्ने | अनुमानित बजेट |
|---|---|---|---|---|
| १ | सुचनाको हक सम्वन्धी अनुशिक्षण कार्यक्रम । | १० वटा बाँके र बर्दियाका बिभिन्न स्थानिय तहहरुमा | भाद्र २०७७ देखि श्रावण २०७८ सम्म | ४,००,०००। |
| २ | विभिन्न सार्वजनिक निकायहरुमा सूचना माग | बाँके र बर्दिया जिल्लामा ७० वटा सूचना माग गर्ने | भाद्र २०७७ देखि श्रावण २०७८ सम्म | ३५,०००। |
| ३ | सूचना मैत्री सार्वजनिक निकाय घोषणा | बढैयाताल गाउपालिका र बाणिज्य कार्यालय बाँके | २०७७ फागुनसम्म | ५०,००० |
| ४. | PIL (public Interest Litigation) | बाँके र बर्दिया ६ वटा | भाद्र २०७७ देखि श्रावण २०७८ सम्म | २,४०,०००। |
| ५. | RTI Clinic संचालन गर्ने । | ३ पटक | भाद्र २०७७ देखि श्रावण २०७८ सम्म | ७०,०००। |
| ६. | सूचना बुलेटिन प्रकाशन | ४ पटक | प्रत्येक ३-३ महिनामा | ६०,०००। |
| ७ | जडान गरिएको होर्डिङ्ग बोर्डमा सूचनाको हक सम्वन्धी चेतनामुलक सन्देश प्रवाह गर्न । डिजिटल बोर्ड स्थापना गर्ने | ३ वटा | चैत्र २०७७ | १५,००००। |
| ८ | सूचनाको हक सम्वन्धी सचेतना प्रवाह गर्ने रेडियो जिंगल संदेशमूलक सामाग्री प्रकाशन तथा प्रशारण | १० पटक | भाद्र २०७७ देखि श्रावण २०७८ सम्म | ५०,००० |
| ९ | राष्टिय सूचना दिवस मनाउने | १ वटा | १९ अगस्त २०२१ | २५,००० |
| १० | अर्न्तराष्ट्रिय थाहा पाउने अधिकार दिवस मनाउने | १ वटा | २८ सेप्टेम्बर २०२० | २५,००० |
| ११ | सूचनाको हकका बारेमा सचेतना प्रवाह गर्न माइकिग गर्ने । | १ पटक | चैत्र २०७७ सम्म | ३०,००० |
| १२ | सूचनाको हक सम्बन्धि यूवातथा बिद्यार्थीहरुलाई अनुशिक्षण कार्यक्रम | ५ वटा बाँके र बर्दिया स्थानिय स्तरमा | चैत्र २०७७ सम्म | ७५००० |
| १३. | सूचनाको हकको कार्यन्वयन गराउन ध्यानाकर्षण पत्र बुझाउने | बाके र बर्दिया | बर्ष भरि आवश्यक्ताअनुसार | १०००० |
| १४ | बिद्युतिय माध्यम बाट सूचना माग्ने र उपलब्ध गराउनलाई सहजीकरण गर्ने | बाँके र बर्दिया का सार्वजनिक निकाय | बर्ष भरि | ३०००० |
| १५ | सूचनाकोहकको प्रभावकारिताका बारेमा अनुसन्धान गर्ने | बाँके र बर्दिया | चैत्र २०७७ सम्म | ८५००० |

**विषयगत क्षेत्र : (क) सुशासन**

| क्र.स | क्रियाकलापको नाम | स्थान | कहिले गर्ने | बजेट |
|---|---|---|---|---|
| १ | सार्वजानिक सेवा प्रदायक निकायका सूचना अधिकारी, प्रमुख प्रशासकिय अधिकृत, उपाध्यक्ष, अध्यक्ष र प्रमुख जिल्ला अधिकारीसँग सामाजिक जवाफदेहिताका औजारको महत्व बारे अभिमुखिकरण कार्यक्रम गर्ने | बाँके र बर्दिया जिल्लामा, १।१ पटक गर्ने | जनवरी २०२१ | ५०,००० |
| २ | नागरिक समाज, वडा अध्यक्षहरु, वडा सदस्यहरु, सामाजिक अभियन्ता, मिडियासँग सामाजिक जवाफदेहिताका औजारको महत्व बारे अभिमुखिकरण कार्यक्रम गर्ने | बाँके र बर्दिया जिल्लाको वढैयाताल डुडुवा गा.पा.मा, २।२ पटक गर्ने | जनवरी २०२१ | ६०,००० |
| ३ | स्थानिय तहमा सुशासन नीति तथा कार्यान्वयनको | बाँके र बर्दिया जिल्लाको | फेबरुअरी | ५०,००० |

| | | | | |
|---|---|---|---|---|
| | अवस्था अनुगमन जि.स.स., हुलाक कार्यालय, जिल्ला प्रशासन र नागरिक समाजबाट संयुक्तरुपमा गर्ने । | वढैयाताल डुडुवा गा.पा.मा, १।१ पटक गर्ने | २०२१ | |
| ४. | सुशासनका विषयमा वक्तृत्वकला प्रतियोगिता गर्ने | विद्यालयमा (बर्दियाको २ विद्यालय र बाँकेको २ विद्यालयमा) | जुलाई २०२१ | २०,००० |
| ५. | विद्यालयमा सुशासन बाल क्लब गठन गर्ने, सुशासनका लागि बाल क्लबलाई अभियान चलाउन लगाउने । | वढैयाताल र डुडुवा गा.पा.को २ वटा विद्यालयमा | मे २०२१ | ६०,००० |
| ६. | जवाफदेहिताको औजार प्रयोग गर्ने संस्थाहरुको बारे अध्ययन अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गर्ने | बाँके र बर्दिया जिल्लामा १।१ पटक | जुलाई २०२१ | २०,००० |
| ७ | Public Expenditure Tracking (PETs) कार्यक्रम गर्ने | डुडुवा र वढैयाताल गा.पा.को विद्यालय र स्वास्थ्य चौकीमा २।२ वटा | मार्च २०२१ | ४०,००० |
| ८ | सुशासन बुलेटिन प्रकाशन गर्ने | ४ पटक बाँके जिल्लामा | १ वर्ष | ६०,००० |
| ९ | सुशासनको बारे PSA/Jingle रेडियोबाट प्रशारण गर्ने | १ महिना बाँके र बर्दिया जिल्लामा | अप्रिल २०२१ | ४०,००० |
| १० | प्रत्येक पालिकासँग ३।३ महिनामा गरेको खर्च विवरणको सूचना माग गर्ने | बाँके र बर्दिया जिल्ला १६ वटा स्थानिय तहहरुमा जम्मा ६४ पटक | वर्षभरी | ५,००० |
| ११ | स्थानिय क्षेत्रमा Community Score Card | २ पटक बाँके र बर्दिया जिल्लामा | जुन २०२१ | ४४,००० |
| १२ | संस्थाको सामाजिक परीक्षण | २ पटक बाँके | सेप्तेम्बर २०२० र अगस्त २०२१ | ५०,००० |
| १३. | स्थानिय तहमा GESI Orientation | २ पटक बाँके र बर्दिया | जुलाई २०२१ | ३०,००० |
| १४ | पालिकाको सहकार्यमा भ्रष्टचार दिवस मनाउने | २ पटक बाँके र बर्दियामा | ९ डिसेम्बर २०२० | २०,००० |
| १५ | गै.स.स.को अगुवाइमा सबै संघ संस्थाहरुलाई न्युनतम मापदण्ड निर्देशिका बनाउन लगाउने | २ पटक बाँके र बर्दियामा | जुलाई २०२१ | ३०,००० |

**विषयगत क्षेत्र : (ग) मानव अधिकार**

| क्र.स | क्रियाकलापको नाम | स्थान | कहिले गर्ने | बजेट |
|---|---|---|---|---|
| १ | मानवअधिकार कार्यान्वयन गर्न पालिकाको आवश्यकतार र क्षमता पहिचाहन प्रतिवेदन तयार | डुडुवा गापा, बाँके र वढैयाताल गापा, वर्दिया , २ वटा प्रतिवेदन | डिसेम्वर, २०२० | १३४००० |
| २ | मानवअधिकार मापदण्ड अनुकुलता अनुसार पालिकाको तीन/तिनवटा कानून/कार्यविधि/नियमावलिको समिक्षा गरि शिफारिस | डुडुवा गापा, बाँके र वढैयातालगापा, वर्दिया , ६ ( ३ वटा प्रत्येक पालिकाको) वटा नितिपुनरावलोकन | डिसेम्वर, २०२० | परामर्शदाताको लागि रकम उपलब्ध गराई सकेको |
| ३ | मानवअधिकारको बारेमा राम्रो बुझाई र संस्कृतिको प्रबर्द्धनका लागी युवा र विद्यार्थीलाई तालिम । | ९ वटा , डुडुवा गापा, बाँके र वढैयातालगापा, वर्दिया स्थित स्कुलहरुमा | नोभेम्वर, २०२० | २४९७५० |
| ४. | निगरानी समूहमार्फत न्यायका लागि पीडितहरुलाई सहयोग गर्नको लागि समुह संग बैठक | बाँके र वर्दिया निगरानि समुहसंग ४ वटा बैठक गर्ने | अक्टोवर, नोभेवर , डिसेम्वर, २०२० | ९६००० |
| ५. | गाउँपालिकाका वडा स्तरमा मानवअधिकार | ६ वटा शिविर संचालन, ३ | अक्टोवर, नोभेवर | २२२००० |

| | | | | |
|---|---|---|---|---|
| | शिविर आयोजना । | डुडुवा र ३ बढैयाताल | , डिसेम्वर, २०२० | |
| ६. | मानवअधिकारको अवस्था तथा उपलब्धी बारे संयुक्त अनुगमन (बाँके र बर्दिया जिल्लामा ६ पटक) | ६ वटा अनुगमन भ्रमण | अक्टोवर, २०२० देखि डिसेम्वर, २०२१ | ३६७२०० |
| ७ | दलित र LGBTIQ सहित सीमान्तकृत समुदाय समर्पित सामुदायका लागि मानवअधिकार जागरुकता प्रशिक्षण कार्यक्रम | तीनवटा तालिम २ डुडुवा र १ बढैयाताल | अक्टोवर, नोभेवर , डिसेम्वर, २०२० | १०८००० |
| ८ | यौनिक अल्पसंख्यक, दलित, महिला अधिकार र मानवअधिकार पैरवीका लागि नागरिक समाजका सदस्यहरुसँग कार्यशाला गोष्ठी सञ्चालन । | ४ वटा कार्यशाला गोष्ठी, २ वटा डुडुवा र २ वटा वढैयाताल | अक्टोवर, नोभेवर , डिसेम्वर, २०२० | १८०००० |
| ९ | मानवअधिकार रक्षक र निर्वाचित जनप्रतिनीधि बीच पैरवी बैठक | १ वटा बैठक | अक्टोवर, २०२० | ५२५०० |
| १० | मानवअधिकार दिवस | २ वटा बैठक , १ वटा डुडुवा , १ वटा बढैयाताल | डिसेम्वर १०, २०२० | ६५००० |
| ११ | मानवअधिकार प्रोफाईल तयार गर्ने । | २ प्रोफाइल, १ वटा डुडुवा, १ वटा बढैयाताल | डिसेम्वर, २०२० | ३३५००० |
| १२ | जेष्ठ नागरिक दिवस | १ वटा | अक्टोवर १, २०२० | सरोकारवाल संगको समन्वय र सहकार्यमा |
| १३. | संविधान दिवस | १ वटा, बाँके | सेप्टेम्वर २०२१ | सरोकारवाल संगको समन्वय र सहकार्यमा |
| १४ | कोभिडको कारणले मानब अधिकारमा पारेको असरबारे अनुसन्धान गरि प्रतिबेदन तयार गर्ने | बाँके र बर्दिया | सेप्टेम्वर २०२१ | २००००० |
| १५ | मानवअधिकार उन्लंघन सम्बन्धि घट्ना दर्ता | बाँके र बर्दियामा १० वटा | सेप्टेम्वर २०२१ | ५०००० |

**सहकार्य तथा सहयोग**

- अर्न्तराष्ट्रिय तथा राष्ट्रिय दातृ निकायहरु,
- सरकारी तथा अन्य गैरसरकारी निकायहरु
- स्थानीय तह र विभिन्न पेशागत संघ संगठन नागरिक समाज ।

**संस्थाको नतिजा हासिल गर्न अपनाइने रणनीतिः**

- खबरदारी गर्ने, पैरवी गर्ने, क्षमता अभिवृद्धि गर्ने ।
- जनचेतना अभिबृद्धि, गठवन्धन, संजालीकरण ।
- अध्ययन, अनुसन्धान तथा प्रकाशन ।
- स्थानीय श्रोत साधनको परिचालन ।
- नागरिक सरकार साझेदारी

**समस्या र चुनौती**

- प्रयाप्त साधन स्रोत तथा बजेटको अभाव ।
- जनशक्तिको अभाव ।
- नोवेल कोरोना भाईरस र लामो समयको लकडाउन र निषेधाज्ञा गर्दा योजना गरिएका केहि क्रियाकलाप हुन नसकेको ।

- साधन स्रोतको अभावमा संस्थागत अभियान सञ्चालन गर्नमा चुनौती
- स्थानिय तहमा जनप्रतिधिहरु र कर्मचारीहरु कोभिड ब्यबस्थापनमा लाग्नुपर्ने भएको संस्थाको कार्यक्रममा सहभागी गराउन गाह्रो भएको ।

**सिकाई :**

- समय र परिस्थिति अनुसार सञ्चारका बिभिन्न प्रबिधिको प्रयोग मार्फत क्रियाक्लाप गर्न सकिने सिकाई भएको छ ।
- संस्थाको व्यवस्थापनका लागि संस्थागत क्षमता बिश्लेषण औजार अति नै महत्वपूर्ण रहेछ ।
- संस्थाको रणनैतिक योजनाले क्रियाकलाप कार्यन्वयन गर्न सहज हुने र दातृ निकाय सँग स्रोतको खोजी गर्न सहयोग हुने ।
- पैरवी गर्दा प्रभावित बर्गको सहभागिता जरुरी हुने र सामाजिक सवालहरुमा पैरवी गर्दा सबैको सहयोग हुने ।
- योजना बनाउदा बिपतलाई मध्यनजर गरेर केहि बजेट आपतकालिन अवस्थामा प्रयोग गर्नका लागि ब्यबस्था गर्नु पर्ने ।
- PIL ले बिभिन्न सामाजिक घट्ना, तथा मुद्दाहरुलाई समाधानको लागि एक प्रभावकारी औजार रहेछ ।

अन्त्यमा यस अवसरमा पालनु हुने सम्पुर्ण अतिथि ज्यूहरुलाई आभार ब्यक्त गर्दै क्ज्च्क्ऋ को वोर्ड, साधारण सदस्य, शुभेच्छुक, सम्पूर्ण कर्मचारीहरुमा निजहरुको परिश्रम, सहयोग, र कार्यप्रतिको लगनशिलताका लागि धन्यबाद समेत दिन चाहन्छु । संस्थाले २०७६/२०७७ मा भए गरेका कार्यहरुको प्रतिवेदन यहाहरुले ध्यानपुर्वक सुनि दिएकोमा मेरो ब्यक्तिगत तथा संस्थाका तर्फबाट सबै महानभावहरुमा धन्यबाद ।

**रजनी खनाल**
**सचिव**

**(१८) सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ।**

छैन

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।**

सूचना माग भएको छैन ।

**(२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।**